मिति : २०८१ असोज १६
आव २०८१/०८२
बैठक संख्या : ४
समय- ८ बजे
स्थान : कुम्मायक गाँउपालिकाको कार्यालय, यासोक

आज मिति २०८१ असोज १६ गते बुधबारका दिन यस कुम्मायक गाँउपालिकाका अध्यक्ष श्री वंम प्रसाद लावती ज्यूको अध्यक्षतामा कुम्मायक गाँउकार्यपालिकाको बैठक बसि तपशिलको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वंम प्रसाद लावती | अध्यक्ष | |
| २ | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | श्री देवेन्द्र कुमार लावती | सदस्य | |
| ४ | श्री वालकृष्ण शेर्मा | सदस्य | |
| ५ | श्री बाबुराम कार्की | सदस्य | |
| ६ | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | सदस्य | |
| ७ | श्री निर्मल राज घिमिरे | सदस्य | |
| ८ | श्री गंगा देवि बोहोरा | सदस्य | |
| ९ | श्री बेद माया चापागाइ | सदस्य | |
| १० | श्री इन्द्रसरी विश्वकर्मा | सदस्य | |
| ११ | श्री धनमाया तामाङ्ग | सदस्य | |
| १२ | श्री डिक बहादुर दर्जी | सदस्य | |
| १३ | श्री लक्ष्मी नेपाली | सदस्य | |
| १४ | श्री गणेश अधिकारी | सदस्य सचिव | |
| | | अन्य उपस्थितिः | |
| १५ | श्री प्रदिप सिं तामाङ | | |
| १६ | श्री भेषराज थापा | | |
| १७ | श्री प्रकाश कार्की | अधिकृत पालना | |
| १८ | | | |

बैठकका छलफल तथा निर्णय लिनु पर्ने विषयहरु

(१) भ्याकुलोडर ड्राइभरको पद सिर्जना

(२) दररेट स्वीकृत सम्बन्धमा

(३) आर्थिक विकस समितिको सिफारिस सम्बन्धमा

(४) बिपद् व्यवस्थापनको खर्च सम्बन्धमा

(५) करार कर्मचारीको करार सम्बन्धमा

(६) सडक सरसफाइ सम्बन्धम

(७) लोकसेवा आयोगमा अस्थायी नियुक्तिका लागि कर्मचारी माग गर्ने सम्बन्धमा

(८) वडा नं ५ को गौरबको आयोजनाको कार्यक्रम सम्बन्धमा

(९) खेलकुद कार्यक्रम सञ्चालन सम्बन्धमा

(१०) विपद्को राहत सम्बन्धमा

**निर्णयहरु**

**१) भ्याकुलोडर ड्राइभरको पद सिर्जना सम्बन्धमा**

गत आ व मा वडा नं २ मा खरिद भएको भ्याकुलोडर सञ्चालनका लागि चालक १ जनाको दरबन्दी सिर्जना गर्ने र बिज्ञापन गर्ने निर्णय गरियो ।

**२) दररेट स्वीकृत सम्बन्धमा**

स्थानीय सामाग्रिहरुको गत आ व मा गाउँपालिकाको निर्णयले कायम गरेको दररेटमा स्थानीय कडा काठको प्रतिघन मिटर रु २५००० रहेकोमा सो हालको मूल्य अनुसार २५०० बृद्धी गरि २७५०० कायम गर्ने र अन्य गत आ वको मूल्य नै कायम गर्ने निर्णय गरियो ।

**३) आर्थिक विकस समितिको सिफारिस सम्ब्रन्धमा**

आर्थिक विकास समितिको मिति २०८१।०५।३० मा बसेको बैठकले सिफारिस गरेको देहायका विषयहरुमा देहाय बमोजिम गर्ने निर्ण गरियो ।

क) गोठ सुधार कार्यक्रम ६०/४० लागत सहभागितामा सञ्चालका लागि पालिकाको अधिकतम २५ हजार रुपैया साझेदारी गर्ने र हरेक वडाबाट ८/८ जना लाभग्राही छनौट गर्ने ।

ख) कृषी औजार खरिदका लागि दररेट कायम गर्न जिल्ला दररेटमा नभएकोले प्रचलित कानुन अनुसार स्पेसिफिक तयार गरि सप्लायर्सहरुसंग दररेट माग गरी मूल्य कायम गरेर सो को आधारमा मिनि मिल हातेट्याक्टर मकै रोप्ने र गोड्ने मैसिन र न्यापस्याक स्प्रे खरिद गर्ने ।

ग) वडा नं १ यासोक बजारमा रहेको सिद्धदेवी साझा सहकारी संस्था लामो समय देखी बन्द रहेकोले सो सहकारीलाइ के भएको हो विस्तृत विवरणमा गर्ने सार्बजनिक सूचना प्रकाशित गर्ने ।

४) बिपद् व्यवस्थापनको खर्च सम्बन्धमा

वर्षादको समयमा स्थानीय सडकहरु बिग्रन गएको र पालिकाको भ्याकुलोडर सञ्चालन गरेकोमा सो कार्यमा खर्च भएको इन्धन र लेबर खर्च भएको बिल अनुसारको रकम बिपद् कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

५) करार कर्मचारीको सेवा करार सम्बन्धमा

कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन सञ्चालन) ऐन २०८० मा स्थानीय तहको रिक्त पदहरु सवारी चालक, नगरप्रहरी, बारुणयन्त्रका कर्मचारी, कार्यालय सहयोगी, चौकिदार, इलेक्ट्रिसियन, प्लम्बर, मालि, सरसफाइ गर्ने कर्मचारी वा यस्तै प्रकृतिको काम गर्ने कर्मचारी सेवा करारमा काम काज लगाउन पाइने तर दफा १४ को उपदफा १ मा दफा ८ को उपदफा १८ को पदहरुमा बाहेक अन्य पदमा स्थानीय सरकारी सेवामा कुनै पनि व्यक्तिलाइ ज्यालादारी वा करारमा नियुक्त गर्न पाइने छैन भनि उल्लेख भएकोले सोही ऐनमा उल्लेख भए अनुसार हाल गाउँपालिकामा प्राबिधिक कर्मचारी सेवा करारमा राख्न सकिने कानूनी व्यवस्था अनुरुप गत बिगत देखी कार्यरत निम्न प्राबिधिक कर्मचारीहरुलाइ ऐनको पालना गर्दै असोज मसान्तसम्ममा कामकाज लगाइ सोही समय सम्मको मात्र तलब भत्ता (दशै खर्च समेत) भुक्तानी दिने र कार्तिक १ गतेबाट सेवा करार भङ्ग गर्ने साथै प्रदेश सरकारबाट जारी भएका कुनै कानून वा संस्थाले आफ्नो बजेटबाट गाउँपालिका वा अन्य कुनै संघ संस्थाबाट सोहि रिक्त पदमा नियुक्ति गर्न आवश्यक बजेटको व्यवस्था भएमा सेवा करारबाट हटाइएका कर्मचारिहरुलाइ सोही पदमा सेवा करार वा ज्यालादारिमा नियुक्ति गर्न प्राथमिकता दिने निर्णय गरियो

**तपसिल**

१ मेडिकल अधिकृत १ डा. उपेन्द्र पोख्रेल (आठौं)
१ रेडियोलोजिष्ट १ जना स्मृती अधिकारी (पाचौं)
२ फर्मासिष्ट १ जना अरुणल चेम्जोङ (पाचौं)
३ अनमी ३ जना प्रेमा लावती, कृतिका नेम्बाङ र अञ्जली फेउदिन (चौथो)
४ अ हे ब ३ जना गंगामाया लिम्बु, महेन्द्र सुन्दर कार्की र बुद्धी आचार्य (चौथो)
५ अपाङ्गता रोकथाम १जना शुष्मा तामाङ (चौथो)
६ ल्याब टेक्निसियन १ जना खिना केरुङ (चौथो)
७ कृषी सहायक २ जना टीकाराज लावती र सुजता खनाल (चौथो)
८ सुरक्षित मात्रित्व अनमी कार्यक्रम शोभादेवी थापा (चौथो)
९ अ स ई २ जना नरेन्द्र कार्की र डिल्लीराम रिजाल (चौथो)
१० कम्प्युटर अपरेटर १ जना संझना कुवर (पाचौं)
११ नेत्र सहायक १ जना शान्ती तामाङ (पाचौं)
१२ बैद्य १ जना निरज ठाकुर (चौथो)

६) **सडक सरसफाइ सम्बन्धमा**

वर्षादका कारण गाउँपालिकामा रहेका कच्ची सडकहरु अबरुद्ध भएकोले गाउँपालिकामा रहेका भ्याकुलोडरले मात्र सम्भब नभएकोले १ थान भ्याकुलोडर भाडामा लिएर सडक सरसफाइ गर्ने निर्णय गरियो ।

७) **लोकसेवा आयोगमा अस्थायी नियुक्तिका लागि कर्मचारी माग गर्ने सम्बन्धमा:**

निर्णय नं ५ अनुसार सेवा करारका कर्मचारीहरुको सेवा करार भङ्ग भइ रिक्त हुन गएका केही पदहरु प्रदेश लोकसेवा आयोग कोशीबाट बढुवाको प्रकृयामा रहेको भनि लेखि आएको तर दैनिक कार्य सञ्चालनमा रिक्त रहेका आवश्यक देखिएका निम्न पदहरुमा अस्थायी पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग गर्ने निर्णय गरियो ।

तपसिल

| सि नं | पद | तह | सेवा/समुह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य/ | १ | अस्पतालका लागि गाउँसभाबाट स्वीकृत |
| २ | अ. हे. ब. | चौथो | स्वास्थ्य /हे. इ. | ३ | नेपाल सरकारबाट स्वीकृत |
| ३ | अ. न. मी. | चौथो | स्वास्थ्य/क. न. | ३ | नेपाल सरकारबाट स्वीकृत |
| ३ | सहायक महिला विकास निरिक्षक | चौथो | बिबिध | १ | नेपाल सरकारबाट स्वीकृत |
| ४ | कृषी सहायक | चौथो | कृषी /प्रसार | १ | नेपाल सरकारबाट स्वीकृत |
| ५ | असिष्टेन्ट सब इन्जिनियर | चौथो | इन्जिनियर/ सिभिल | २ | नेपाल सरकारबाट स्वीकृत |
| ६ | कम्प्युटर अपरेटर | पाँचौ | बिबिध | १ | नेपाल सरकारबाट स्वीकृत |

८) **वडा नं ५ को गौरबको आयोजनाको कार्यक्रम सम्बन्धमा**

वडा नं ५ मा सञ्चालन गर्ने पशु विकास कार्यक्रम सञ्चालनका लागि आर्थिक विकास समितिबाट कार्यक्रम सञ्चालन कार्यबिधि अनुमोदन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

९)**खेलकुद कार्यक्रम सञ्चालन सम्बन्धमा**

सृजनहाङ युवा सांस्कृतिक क्लब वडा नं ५ ले विजया दशमीको उपलक्षमा प्रथम आमन्त्रित फुटबल प्रतियोगिता सञ्चालनका लागि खेलकुद व्यवस्थापन तथा पुरस्कारका लागि रु १ लाख खेलकुद कार्यक्रम शिर्षकबाट भुक्तानी हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

१०) विपद्को राहत सम्बन्धमा ...

यस कुम्मायक गाउँपालिकामा विभिन्न मितिमा भएका विभिन्न बिपदका राहत माग भएका तपशिल बमोजिमका स्थानहरुको स्थलगत अनुगमन गरी यथार्थ प्रतिबेदन पेश गर्न समितिय गठन गरी फिल्डमा खटाइएकोमा समितिबाट पेश भएको प्रतिबेदन अनुसार देहाय बमोजिम राहतको व्यवस्था गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| क्र.स | निवेदकको नाम थर | ठेगाना | राहत माग | मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | भुमिंका खुलाल | कुम्मायक-५ | बाटो खन्दा मकै बालीको क्षति | २०८०।०३।१६ | रु १५०००।-सम्म दिन सकिने |
| २ | मन कुमारी लावती | कुम्मायक-१ | गोठमा आगलागि | २०७९।१२।२१ | गोठ निर्माण पश्चात रु. १००००।- सम्म दिन सकिने |
| ३ | हेम बहादुर पाण्डे | कुम्मायक-५ | बाँदरले मकै बाली क्षति गरेको | २०८१।४।१२ | राहत दिन उपयुक्त नहुने |
| ४ | प्रकाश खनाल | कुम्मायक-४ | आगोलागिले पोलिथिन पाइप डडेको | २०८१।०१।१२ | उपयुक्त प्रमाण नभएकोले राहत दिन उपयुक्त नहुने |
| ५ | मेघ बहादुर सेर्मा | कुम्मायक-२ | कुलोले खेतियोग्य जमिन क्षति भएको | २०७८ | २०७८ सालको कार्तिक १,२ र ३ गतेको अविरल बर्षाको कारण भएको क्षतिको राहत कसैलाई पनि हाल सम्म नदिइएकोले राहत दिनु उपयुक्त नदेखिएको |
| ६ | ओम प्रसाद निरौला | कुम्मायक-४ | आगोलागिले घर खोल्मा क्षति | २०८१।०१।१९ | मान्छे नबस्ने घर खोल्मा क्षति भएकोले राहत दिन उपयुक्त नहुने |
| ७ | राज कुमार लिम्बु | कुम्मायक-३ | खानेपानी पाइप डडेको | २०८०।०१। | उपयुक्त प्रमाण नभएको विपद कोषबाट राहत दिन उपयुक्त नहुने |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | सानुमाया कामी | कुम्मायक-५ | घरको छानो चुहिएको | २०८१।०२।११ | त्रिपालको व्यवस्थापन गरिदिनु पर्ने । |
| ९ | सेसेहाङ्मा मिखोक्पा | कुम्मायक-१ | पर्खाल लडेर घर जोखिम | २०८०।४।२३ | कार्य सम्पन्न पश्चात रु. १००००। दिन सकिने । |
| १० | पुर्ण प्रसाद खड्का | कुम्मायक-३ | आगोलागिले घर खोल्मा क्षति | २०८०।१२।०१ | मान्छे नबस्ने घर खोल्मा क्षति भएकोले राहत दिन उपयुक्त नहुने |
| ११ | गोविन्द प्रसाद खड्का | कुम्मायक-३ | आगोलागिले घर खोल्मा क्षति | २०८०।१२।०१ | |
| १२ | प्रविण भण्डारी | कुम्मायक-५ | बास बस्ने घर धमिरो लागेर बस्न जोखिम | २०८०।११।१४ | विपद कोषबाट खर्च गर्नु मनासिव नदेखिको |
| १३ | अमर सिंह थापा | कुम्मायक-४ | आगोलागिबाट २५ mm को खानेपानी पाइप क्षति | २०८१।१।१२ | उपयुक्त प्रमाण नभएको विपद कोषबाट राहत दिन उपयुक्त नहुने |
| १४ | पुर्ण बहादुर खड्का | कुम्मायक-३ | आगोलागिबाट २५ mm को खानेपानी पाइप क्षति | २०८१।१।१६ | उपयुक्त प्रमाण नभएको विपद कोषबाट राहत दिन उपयुक्त नहुने |
| १५ | श्री महादेव आ.वि. | कुम्मायक-३ | खानेपानी पाइप | | सार्बजनिकस्थल भएकोले उपलब्ध गराउने |
| १६ | जय बहादुर चेम्जोङ | कुम्मायक-५ | खानेपानी पाइप डडेको | | उपयुक्त प्रमाण नभएको विपद कोषबाट राहत दिन उपयुक्त नहुने |